| | |
|---|---|
| उपाध्यक्ष | - नगर उपप्रमुख |
| सदस्य | - सम्बन्धित वडाको वडा अध्यक्ष |
| सदस्य | - नगर कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक |
| सदस्य | - नगर कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना सदस्य |
| सदस्य | - नगर सहकारी संघको अध्यक्ष |
| सदस्य | - प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य-सचिब | - सम्बन्धित शाखा/उपशाख प्रमुख |

९१. **सहकारी प्रबर्द्धन समितिको कार्य :** सहकारी प्रबर्द्धन समितिको कार्य देहाय बमोजिम हुनेछन्

(१) सहकारी संस्थाको अनुगमन, विघटन तथा खारेजीको निर्णय गर्ने,

(२) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने,

(३) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने,

(४) स्थानीय सहकारी संस्थाको क्षमता अभिबृद्दि गर्ने,

(५) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास गर्ने,

(६) समस्या ग्रस्त सहकारी घोषणा गर्ने,

(७) अन्य कार्य तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–२१

## विविध

९२. **मताधिकारको प्रयोग :** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

